मिति २०७८ साल जेष्ठ १८ गते मंगलबारका दिन प्रमुख जिल्ला अधिकारी गौलोचन सैंजूज्युको अध्यक्षतामा बसेको जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठक बसी देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

## उपस्थित:

**सल्लाहाकार:**

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री प्रेम बहादुर खड्का | प्रमुख | जिल्ला समन्वय समिति | |
| २. | श्री रमेश कुमार बस्नेत | नगर प्रमुख | मन्थली नगरपालिका | |
| ३. | श्री नरबहादुर थापामगर | नगर प्रमुख | रामेछाप नगरपालिका | |
| ४. | श्री प्रेमबहादुर तामाङ | गा.पा. अध्यक्ष | खाँडादेवी गाउँपालिका | |

**District Covid-19 Crisis Management Center का पदाधिकारी:**

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री गौलोचन सैंजू | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | |
| २. | श्री दिवस आचार्य | जि.स.अ. | जिल्ला समन्वय समिति | |
| ३. | श्री विष्णु प्रसाद सापकोटा | प्रमुख सेनानी | नयाँ गोरख गण | |
| ४. | श्री नवराज ढुंगाना | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय | |
| ५. | श्री केशवराज प्याकुरेल | स.प्र.ना.उ. | सशस्त्र प्रहरी बल नेपाल | |
| ६. | श्री धिरज बानियाँ | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| ७. | श्री जितेन्द्र कुमार कर्ण | कार्यालय प्रमुख | स्वास्थ्य कार्यालय | |
| ८. | डा. नितेन्द्र कर्ण | नि.का.प्र. | जिल्ला अस्पताल | N Karn |

**आमन्त्रित:**

| | | | | |
|---|---|---|---|---|
| १. | श्री प्रकाश कुमार कार्की | अध्यक्ष/प्रतिनिधि | नेकपा (एमाले) | |
| २. | श्री नरेश बहादुर कार्की | सभापति/प्रतिनिधि | नेपाली काग्रेस | |
| ३. | श्री हेमन्त पौडेल (निवश) | अध्यक्ष/प्रतिनिधि | नेकपा (माओवादी केन्द्र) | |
| ४. | श्री | अध्यक्ष/प्रतिनिधि | जसपा | |
| ५. | श्री | अध्यक्ष/प्रतिनिधि | राप्रपा | |
| ६. | श्री नारायणदाश श्रेष्ठ | अध्यक्ष | मन्थली नगरपालिका १ नं. वडा | |
| ७. | श्री बद्री नयाँघरे | अध्यक्ष/प्रतिनिधि | नेपाल पत्रकार महासंघ | |
| ८. | श्री केशव प्रसाद घिमिरे | अध्यक्ष | रामेछाप उद्योग बाणिज्य संघ | |
| ९. | श्री [illegible] प्रकाश [illegible] | सभापति/प्रतिनिधि | नेपाल रेडक्रस सोसाइटी | |
| १०. | श्री | अध्यक्ष/प्रतिनिधि | गैसस महासंघ | |
| ११. | श्री | अध्यक्ष/प्रतिनिधि | रामेछाप नगर उद्योग बाणिज्य संघ | |
| १२. | श्री छविलाल विश्वकर्मा | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय | |
| १३. | श्री लेखनाथ खतिवडा | शाखा अधिकृत | जिल्ला प्रशासन कार्यालय | |

## निर्णयहरु:

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण नेपालमा तिब्रतर बढिरहेको छ । यस जिल्लामा समेत कोभिड-१९ को संक्रमण बढ्दै गएकोले यसबाट जनस्वास्थ्यमा गम्भिर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमण रोकथाम नियन्त्रणमा थप सर्तकता अपनाई नागरिकको जीवनको सुरक्षा गर्न जिल्ला स्तरीय कोभिड-१९ संकट व्यस्थापन केन्द्र (DCCMC) को मिति २०७८/०२/१८ गते बसेको बैठकमा छलफल गरी जिल्लालाई जोखिमयुक्त क्षेत्र तोकी मिति २०७८/०२/१९ गते राती १२:०० बजेदेखि मिति २०७८/०२/२६ गते राती १२:०० बजेसम्म तपसिल बमोजिम लागू हुने गरी जिल्ला भर निषेधाज्ञा जारी गर्ने निर्णय गरियो ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

**तपसिलः**

### १. निषेध गरिने सेवा तथा कार्यहरु:

क) अत्यावश्यक काममा बाहेक घर बाहिर निस्कन र हिड्डुल गर्न पूर्ण निषेध गर्ने ।

ख) जिल्ला भित्रिने र वाहिरीने सबै यात्रुवाहक सवारी साधनहरु तथा जिल्ला भित्र चल्ने सबै सवारी साधनहरु ।

ग) जिल्ला भित्रका सबै शैक्षिक संस्था, पठनपाठन र परीक्षा संचालन गर्न ।

घ) सबै प्रकारका भेला, प्रशिक्षण, तालिम, गोष्ठी, पुजापाठ, मेला, महोत्सव, हाटबजार, जात्रा, पर्व, खेलकुद, स्वीमिङ्ग पुल, सपिङमल, मनोरञ्जन स्थल, फूडसल, हेल्थक्लब, जिमखाना, पुस्तकालय, लगायतका कार्यहरु संचालन गर्न ।

ङ) सरकारी निकाय, सार्वजनिक संस्थान र बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने अत्यावश्यक बाहेक दैनिक रुपमा प्रवाह हुने सबै सेवाहरु ।

च) सबै प्रकारका होटल, रेष्टुरेन्ट, पार्टी प्यालेस, चिया तथा खाजा पसल, सैलुन, व्युटीपार्लर लगायत सबै पसल तथा व्यवसायहरु ।

छ) विवाह, ब्रतबन्धजस्ता संस्कारका हकमा बढिमा ८ जनासम्म व्यक्ति र बढिमा १ वटा सानो सवारी साधन प्रयोग गरी व्यानरका आधारमा जिल्ला भित्र वा अन्तर जिल्लामा आवत जावत गर्न भन्दा वाहेक अन्य कार्य ।

ज) नित्य पूजा बाहेक अन्य सबै किसिमका देवाली, चण्डी, सामुहिक पुजाआजा लगायत सम्पूर्ण धार्मिक, साँस्कृतिक गतिविधिहरु ।

झ) सेवा प्रदायकहरुले सेवाग्राहीका घर आँगनमा पुगी दिने सबै प्रकारका विमा तथा बचत संकलन लगायतका सेवाहरु।

### २. संचालन हुने कार्य र सवारी साधनहरु:

क) खाद्यसामाग्री तथा पशुपंक्षीका दाना, तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, माछा, मासु, पानी, ग्यास, पेट्रोलपम्प, निर्माण सामग्री बिक्री वितरण गर्ने पसलहरु लगायतका अत्यावश्यक सेवाका पसलहरु मात्र स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्णपालना गरी विहान ५:००-०८:०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

ख) औषधी एवम् स्वास्थ्य सामाग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने ।

ग) राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय प्राथमिक्ता प्राप्त आयोजना र जिल्लामा संचालित महत्वपूर्ण आयोजनाहरुको सामग्री ढुवानीको लागि प्रयोग गरिने सवारी साधनहरु । त्यस्ता आयोजनाहरुमा स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण रुपमा पालना गर्ने गरी गरिने निर्माण सम्बन्धी कार्यहरु ।

घ) एम्बुलेन्स, दमकल, शववाहन, खाद्यान्न सामाग्री तथा पशुपंक्षीका दाना, तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, माछा, मासु, पानी, ग्यास तथा पेट्रोलियम पदार्थ बोकेको सवारी साधनहरु, औषधी तथा स्वास्थ्य सेवाका सामाग्री बोकेका सवारी साधनहरु, सूचना विभागबाट जारी परिचय पत्रका आधारमा सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधनहरु ।

ङ) अस्पताल आउने जाने विरामी र कुरुवाको हकमा सवारी साधन प्रयोग गर्नु परेमा विरामी सहित २ जनासम्मलाई सहजिकरण गरिने जसका लागि वडाको सिफारिस तथा अस्पतालका कागजात सहित जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने ।

च) मृत्यु संस्कारमा अनिवार्य रुपमा सहभागी हुनुपर्ने अवस्थाका व्यक्तिले प्रयोग गर्ने सवारी साधनहरुको हकमा उक्त कार्यको लागि सम्बन्धित वडाको सिफारिस सहित जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने ।

## ३. प्रत्येक व्यक्ति, संस्था तथा समुदायले पालना गर्नुपर्ने शर्तहरुः

क) अत्यावश्यक कार्यमा जिल्लाको प्रवेश नाकाहरुबाट यस जिल्ला प्रवेश गर्ने जिल्ला भित्रका नागरिकहरुलाई सम्बन्धित पालिका वा वडाको क्वारेन्टिन तथा आइसोलेसनमा राख्ने नामावली सहितको सुनिश्चितता सहित लिखित सिफारिस भएकोमा बाहेक प्रवेश गर्न नदिने । अन्यत्र जिल्लाबाट पैदल प्रवेश गर्नेहरु माथि पनि सम्बन्धित निकायहरुले निगरानी राख्ने ।

ख) सरकारी निकाय, सार्वजनिक संस्थानहरुले अत्यावश्यक कार्य मात्र न्यूनतम कर्मचारीबाट स्वास्थ्य सुरक्षाको मापदण्डको पूर्ण पालना गरी सेवा प्रवाहको व्यवस्था मिलाउने ।

ग) बैङ्क तथा वित्तीय संस्थाहरुले अत्यावश्यक सेवा प्रवाह गर्दा हप्तामा ३ (तीन) दिन आलोपालो मिलाई न्यूनतम कर्मचारीबाट स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गरी दिनको १०:०० बजेदेखि १:०० बजेसम्म मात्र सेवा प्रवाहको व्यवस्था मिलाउने र सोको जानकारी जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने ।

घ) अत्यावश्यक काममा बाहेक घर बाहिर निस्कन र हिड्डुल नगर्ने, अत्यावश्यक काममा घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने र निश्चित दुरी कायम गर्ने ।

ङ) आफ्नो घर परिवार र समुदायमा कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण देखिएमा शंकास्पद बिरामी भेटिएमा जिल्ला अस्पताल, स्थानीय स्वास्थ्य संस्था र नजिकको प्रहरी यूनिटमा खबर गर्ने ।

च) PCR परीक्षणका लागि प्रयोगशालामा स्वाव दिएपछि नतिजा नआएसम्म बाहिर भेटघाट नगर्ने ।

छ) सबै स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरेर मात्र विवाह र मृत्यू संस्कार गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय